नागरिकता विधयकमा लैङ्गिक पहिचान सम्बन्धीको मागपत्र

यस मागपत्रको यो सार्वजनिक संस्करण हो । यसमा सम्पर्क ठेगाना र पहिचान सार्वजनिक गर्न नचाहने व्यक्तिहरूको नाम हटाइएको छ । २९४ जना व्यक्ति र २१ संस्थाहरूले यो मागपत्र नेपाल सम्बत ११४० गुंला २२, २०७७ साउन २७ गते संयुक्त रूपमा जारी गरेको हो । यो अभियानको सहजिकरण क्वयेर युथ ग्रुपले गरेको हो र सामाजिक संजालमा यस विषय उठाउन हामी ह्यासट्याग #GenderRecognitionInNepal को प्रयोग गर्दैछौं । क्वयेर युथ ग्रुपलाई queeryouthgroup.nepal@gmail.com मा सम्पर्क गर्न सक्नुहुनेछ ।

नेपाल सम्बत ११४० गुंला २२
२०७७ साउन २७ गते

नेपाल नागरिकता ऐन, २०६३ लाई संसोधन गर्न बनेको विधयकमा विविध लैङ्गिक पहिचानका व्यक्तिहरूको अधिकार र समावेशिता सम्बन्धी हामी निम्न हस्ताक्षरित संस्था, समूह तथा व्यक्तिहरूको गम्भीर ध्यानाकर्षण भएको छ । नेपालको संविधान, सम्मानिय सर्वोच्च अदालतद्वारा गरिएका फैसला एवं संयुक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय अभ्यासहरू समेत प्रदत्त लैङ्गिक पहिचानको अधिकारलाई यस नागरिकता विधयकमा कुण्ठित गरी प्रावधान राखिएकोमा आपत्ती जनाउँदै यस अधिकार सुनिश्चित हुने ढङ्गले व्यवस्था गर्नका निम्ति माग राख्दै यो मागपत्र संयुक्त रूपमा जारी गर्दछौं ।

मागहरूको बुँदागत सारांश :

१) "लैङ्गिक तथा यौनिक अल्पसंख्यक" छाता अन्तर्गत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषता तीन आधारमा विविध सिमान्तकृत समूहहरू पर्ने र "लैङ्गिक तथा यौनिक अल्पसंख्यक अन्तर्गत लैङ्गिक पहिचानका आधारमा सिमान्तकृत जनसंख्या"को लैङ्गिक पहिचानको हक नागरिकता ऐन संसोधन गर्न बनेको विधयकले सम्बोधन गर्नुपर्ने ।

२) लिंगको महलमा महिला (अक्षर चिन्हमा F) र पुरुष (अक्षर चिन्हमा M) बाहेक "अन्य" होइन, गैर-द्वयसांखिक (अङ्ग्रेजीमा : Non-binary, अक्षर चिन्हमा X) र तेस्रोलिंगी (अङ्ग्रेजीमा : Third Gender, अक्षर चिन्हमा T) विधाहरूको व्यवस्था हुनुपर्नेका साथै लैङ्गिक पहिचान खुलाउन नचाहने वा उल्लेख गर्न नचाहने प्रावधान समेत हुनुपर्ने ।

३) कुनै व्यक्तिले आफ्नो नागरिकतामा लिंगको महल र नाम परिवर्तन गर्न चाहेमा उसको आत्मनिर्णयको आधारमा सरल प्रशासनिक प्रकृयागत व्यवस्था हुनुपर्ने ।

नेपाल नागरिकता ऐन, २०६३ लाई संसोधन गर्न बनेको विधयकको हकमा -

हामीलाई आपत्ती भएका धाराहरू	हाम्रो माग
७. मूल ऐनमा दफा ८क, र ७ख थप : ८ख पहिचान सहितको नागरिकता : (२) उपदफा (१) बमोजिम दिइने नेपाली नागरिकताको प्रमाणपत्रको लिङ्गको महलमा महिला पुरुष अन्य उल्लेख गरी लैङ्गिक पहिचान समेत खुलाउनुपर्नेछ ।	७. मूल ऐनमा दफा ८क, र ७ख थप : ८ख पहिचान सहितको नागरिकता : (२) उपदफा (१) बमोजिम दिइने नेपाली नागरिकताको प्रमाणपत्रको लिङ्गको महलमा पुरुष (M), महिला (F), गैर-द्वयसांखिक (X), तेस्रोलिङ्गी (T) उल्लेख गरी लैङ्गिक पहिचान समेत खुलाउनुपर्नेछ ।
११. मूल ऐनको दफा १७ मा संसोधन (२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :- “(४) नेपाली नागरिकताको प्रमाणपत्र लिई सकेका व्यक्तिले पछि लिङ्ग परिवर्तन गरी परिवर्तित लैङ्गिक पहिचान सहितको नागरिकताको प्रमाणपत्र लिन निवेदन दिएमा सम्बन्धित अधिकारीले आवश्यक सबुद प्रमाण बुझी पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।"	११. मूल ऐनको दफा १७ मा संसोधन (२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः- “(४) जन्मँदा यौनाङ्गको आधारमा इङ्गित गरिएको लिंगको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिई सकेका व्यक्तिले लिङ्गको महल परिवर्तन गरी आफ्नो स्वःअनुभूतिको लैङ्गिक पहिचान र नाम परिवर्तन गरी आफूले इच्छाएको नाम सहितको नागरिकताको प्रमाणपत्र लिन निवेदन दिएमा सम्बन्धित अधिकारीले नीज व्यक्तिको आत्मनिर्णयको आधारमा पहिले

	लिएको नागरिकताको प्रमाणपत्र खिची अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।"
-विधयकमा नरहेको र थप गर्नुपर्ने-	(क) भाग २. परिभाषामा "लैङ्गिक पहिचान" भन्नाले हरेक व्यक्तिको भित्री मन वा अन्तरात्माबाट लैङ्गिकता सम्बन्धी आएको व्यक्तिगत अनुभूती र अनुभव एवं भित्री मनबाट आएको आन्तरिक बोध सम्झनु पर्छ ।

नेपाल नागरिकता ऐन, २०६३ लाई संसोधन गर्न बनेको विधयक सम्बन्धी राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन, २०७७ को हकमा -

हामीलाई आपत्ती भएका धाराहरू	**हाम्रो माग**
६. विधेयकको दफा ७ बाट मूल ऐनमा थप गर्ने भनिएको दफा ८ख. को– (१) उपदफा (२) पछि देहायको उपदफा (३) थपी उपदफाक्रम मिलाउने :- "(३) उपदफा (२) बमोजिम लिङ्गको महलमा "अन्य" उल्लेख हुने व्यक्तिको हकमा नागरिकताको अभिलेखमा मान्यता प्राप्त चिकित्सकको सिफारिसको आधारमा तेस्रो लिङ्गीको लैङ्गिक पहिचान खुलाउनु पर्नेछ ।"	-यो दफा हटाइनुपर्छ-
(३) उपदफा (३) पछि देहायका उपदफा (४), (५), (६) र (७) थपिएका छन् :- "(४) नेपाली नागरिकताको प्रमाणपत्र लिई सकेका व्यक्तिले पछि लिङ्ग परिवर्तन गरी परिवर्तित लैङ्गिक पहिचान सहितको नागरिकताको प्रमाणपत्र लिन लिङ्ग परिवर्तन भएको प्रमाण सहित निवेदन दिएमा सम्बन्धित अधिकारीले आवश्यक सबुद प्रमाण बुझी पहिले लिएको	(३) उपदफा (३) पछि देहायका उपदफा (४), (५), (६) र (७) थपिएका छन् :- "(४) जन्मँदा यौनाङ्गको आधारमा इङ्गित गरिएको लिंगको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिई सकेका व्यक्तिले लिङ्गको महल परिवर्तन गरी आफ्नो स्वःअनुभूतिको लैङ्गिक पहिचान र नाम परिवर्तन गरी आफूले इच्छाएको नाम सहितको नागरिकताको

नागरिकताको प्रमाणपत्र खिची सोको सट्टामा नाम तथा लैङ्गिक पहिचानको विवरण परिवर्तन गरी अर्को प्रमाणपत्र दिन सक्नेछ ।“	प्रमाणपत्र लिन निवेदन दिएमा सम्बन्धित अधिकारीले नीज व्यक्तिको आत्मनिर्णयको आधारमा पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।"

मागहरूको विस्तृत व्याख्या

१) हाम्रो समाजमा कुनै पनि शिशुको जन्म हुने बित्तिकै उसलाई लिंग छ भने पुरुष र योनी छ भने महिला भनेर इङ्गित गरिन्छ । अधिकांश व्यक्तिहरू त्यसै अनुरूप नै अनुभूती गर्दछन् तर यो सबैको हकमा लागु हुँदैन । यस सामाजिक प्रथा प्रतिकूल लैङ्गिक अनुभूति रहेका व्यक्तिहरूको हक अधिकार यस ऐनले सुनिश्चित गर्नुपर्छ ।

पारलैङ्गिक महिला (Transgender female) : जन्मँदा यौनाङ्गको आधारमा पुरुष इङ्गित गरिएका ती व्यक्तिहरू जसको लैङ्गिक अनुभूती र प्रस्तुतीकरण महिला हुन्छ र आफूलाई महिला भनेर पहिचान गरी महिला भएर जीवनयापन गर्न थालेपछि आफ्नो लैङ्गिक पहिचानको आधारमा नागरिकतामा "महिला" उल्लेख गरी संसोधन गर्न र आफुलाई पहिले राखिदिएको नाम त्याग गरेर आफूले इच्छाएको नाम पनि राख्छ चाहन्छन् ।

पारलैङ्गिक पुरुष (Transgender male) : जन्मँदा यौनाङ्गको आधारमा महिला इङ्गित गरिएका ती व्यक्तिहरू जसको लैङ्गिक अनुभूती र प्रस्तुतीकरण पुरुष हुन्छ र आफूलाई पुरुष भनेर पहिचान गरी पुरुष भएर जीवनयापन गर्न थालेपछि आफ्नो लैङ्गिक पहिचानको आधारमा नागरिकतामा "पुरुष" उल्लेख गरी संसोधन गर्न र आफुलाई पहिले राखिदिएको नाम त्याग गरेर आफूले इच्छाएको नाम पनि राख्छ चाहन्छन् ।

अन्तर्लिङ्गी व्यक्तिहरू (Intersex persons) : त्यसै गरी दुबै यौनाङ्ग वा अस्पष्ट यौनाङ्ग हुनाले महिला वा पुरुष भनी इङ्गित नगरिएका व्यक्तिहरू पनि हुर्केबढे पछि आफ्नो लैङ्गिक अनुभूती र प्रस्तुतीकरण स्पष्ट

हुँदै जान्छन् । कतिपय अन्तर्लिङ्गी व्यक्तिहरूलाई जन्मदर्ता लगायतका कागजातहरूमा लिङ्गको महल खुलाइँदैन वा महिला/पुरुष इङ्गित गरिँदैन भने कतिपय अन्तर्लिङ्गी व्यक्तिहरूलाई अभिभावकहरूको इच्छा अनुसार (समाजमा लाञ्छना, विभेद र वहिष्कार हुने डरले) महिला वा पुरुष नै उल्लेख गराई कागजपत्र गराउन पनि सक्छन् । हुर्केबढे पछि आफ्नो लैङ्गिक अनुभूती र प्रस्तुतीकरण स्वःअनुभूतीमा स्पष्ट हुँदै जाँदा ती व्यक्तिहरूले "पुरुष" लेख्ने कि, "महिला" लेख्ने कि, "गैर-द्वयसांखिक" लेख्ने भन्ने विषयमा आत्मनिर्णय गर्छन् र आफ्नो कागजपत्र आफ्नो स्वःअनुभूतीको लैङ्गिकतासँग मेल नखाएमा उसै गरी लिङ्गको महल वा/र नाम परिवर्तन गर्छन् ।

गैर-द्वयसांखिक (Non-binary) : त्यसै गरी जन्मँदा यौनाङ्गको आधारमा पुरुष वा महिला जेसुकै इङ्गित गरिएतापनि हुर्केबढे पछि आफ्नो लैङ्गिक अनुभूती र प्रस्तुतीकरण स्वःअनुभूती महिला वा पुरुषको दायराभन्दा फरक भई आफूलाई महिला वा पुरुषमा व्याख्या / पहिचान नगर्ने व्यक्तिहरूले आफ्नो लैङ्गिक पहिचानको आधारमा नागरिकतामा "गैर-द्वयसांखिक (X)" उल्लेख गरी संसोधन गर्न र आफूलाई पहिले राखिदिएको नाम त्याग गरेर आफूले इच्छाएको नाम पनि राख्छ चाहन्छन् ।

तेस्रोलिंगी (Third Gender) : जन्मँदा यौनाङ्गको आधारमा जेसुकै इङ्गित गरिएतापनि आफूलाई महिला वा पुरुष भनी पहिचान नगर्नुका साथै आफू कुनै धर्ममा आधारित समुदायको समेत हिस्सा हुनु (जस्तै मेटी, हिजडा, कोथी, मैगियाह, इत्यादी समुदायहरू) भने ती व्यक्तिहरूले लिङ्गको महलमा "तेस्रोलिङ्गी (T)" उल्लेख गरी सोधन गर्न र आफूलाई पहिले राखिदिएको नाम त्याग गरेर आफूले इच्छाएको नाम पनि राख्छ चाहन्छन् ।

जन्मँदा यौनाङ्गको आधारमा इङ्गित गरिने लिङ्ग भन्दा फरक लैङ्गिक अनुभूति र पहिचान हुने व्यक्तिहरूलाई त्यस आधारमा पाएको नागरिकता प्रमाणपत्र आफ्नो स्वःअनुभूति बमोजिमको वास्तविक लैङ्गिक पहिचानमा आधारित र आफूले इच्छाएको नाम अनुसारमा सच्याउन पाउने अधिकार कानुनतः सुरक्षित हुनुपर्छ ।

त्यसै गरी, कतिपय मानिसहरूको लैङ्गिकता तरल हुन्छ जुन उनीहरूको जीवनभर स्थिर हुँदैन वा परिवर्तनशलीन हुन्छ । त्यसैले कतिपय मानिसहरू आफूलाई लैङ्गिकताका कुनै शब्दहरूले पहिचान गर्न चाहँदैनन् वा आफ्नो लैङ्गिकता खुलाउन चाहँदैनन् । लैङ्गिक पहिचान र प्रतुतीकरण व्यक्तिगत अनुभव हो । कतिपय व्यक्तिहरूका निम्ति आफ्नो लैङ्गिकता निकै

नै जटिल हुने गर्दछ । जीवनभर अत्यन्तै परिवर्तनशील लैङ्गिक अनुभूती हुने व्यक्तिहरूले लिंगको महलमा केही उल्लेख नगर्ने वा नखुलाउने व्यवस्था इच्छाएका छन् किनभने त्यसो हुँदा नीजको जीवनमा लैङ्गिकताको जटिलटाता सम्बोधन हुन्छ । तसर्थ, लैङ्गिक पहिचान खुलाउन नचाहने व्यक्तिहरूका निमि लिङ्गको महल नभएको नागरिकता प्राप्त गर्न सकिने प्रावधान हुनुपर्छ । एकताका नागरिकता प्रमाणपत्रहरूमा लिङ्गको महलै नभएको पनि छ । यसरी लिङ्गको महलै नराखी नागरिकता प्रमाणपत्र दिने अभ्यास नेपालमा भएको पनि छ । त्यसै गरी लैङ्गिक पहिचानमा गोपनियता कायम गर्न पाउने अधिकार वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को परिच्छेद-२ दफा ३(३) ले समेत सुनिश्चित गरेको छ ।

२) सर्वप्रथम त 'महिला', 'पुरुष', अन्य' उल्लेख गर्नुपर्ने प्रावधानको पक्षमा हामी छैनौं । सबै व्यक्तिहरूलाई प्रतिष्ठापूर्वक जीवनयापन गर्न पाउने अधिकार छ । कुनै निश्चित लैङ्गिक पहिचानका व्यक्तिहरूलाई "अन्यकरण" गर्नाले व्यक्तिहरु मध्ये कुनै खास वा केन्द्रिय व्यक्ति र कुनै सहायक व्यक्ति अर्थात सबै व्यक्तिहरु समान नरहेको भन्ने बुझाउछ । यसबाट हामीहरुको नेपालको संविधानको धारा १२ वंशीय आधार तथा लैंगिक पहिचान सहितको नागरिकताः, धारा १६ सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ समानताको हक र धारा ४२ सामाजिक न्यायको हक द्वारा प्रदत्त हकको उल्लंघन भएको छ ।

"अन्य" शब्दले अर्को अन्योलता पनि सृजना गर्छ । कुनै फारममा पुरुष, अन्य भनेर दुई विधा दिइएको छ भने त्यो अन्य शब्दले त पुरुष बाहेकका सबै लैङ्गिक पहिचानहरूलाई जनाउने भयो । अथवा कुनै फारममा : महिला, अन्य भनेर दुई विधा दिइएको छ भने त्यो अन्य शब्दले त महिला बाहेकका सबै लैङ्गिक पहिचानहरूलाई जनाउने भयो ।

फेरी महिला र पुरुषको विधाहरू मात्र हुँदा यस बाहेकका लैङ्गिक पहिचान असमावेश भएको हो । महिला र पुरुष बाहेकका लैङ्गिक पहिचानलाई बुझाउने अन्तर्राष्ट्रिय रूपमा व्यापक प्रयोगमा आएको शब्द पनि छ । पुरुष वा महिला बहेकका व्यक्तिहरूलाई सम्बोधन गर्ने शब्द गैर-द्वयसांखिक (Non-binary) हुँदा हुँदै "अन्य" जस्ता शब्दको प्रयोग गर्नु असान्दर्भिक र अपमानजनक हुन्छ । महिला र पुरुष अतिरिक्त लिंगको महलमा अरु सबै देशहरूले शाब्दिकमा Non-binary चिन्हमा M, F जस्तै X उल्लेख गर्ने गरेका छन् । यस्तो प्रावधान Argentina, Austria, Australia, Canada, Denmark, Germany, Iceland, Netherlands, New Zealand, Pakistan, United Kingdom, United

States, Uruguay लगायतका देशहरूमा Non-binary X (अङ्ग्रेजी अक्षर एक्स) को व्यवस्था गरिएको छ । अन्तर्राष्ट्रिय समुदायमा पनि X विधाले मान्यता पाएको बेलामा नेपालमा भने त्यो भन्दा फरक राखिदिनु भनेको ती व्यक्तिहरूलाई अन्तर्राष्ट्रिय समुदायबाट नै अलग्याउनु हुन्छ । नेपाली नागरिकहरू अहिले नेपालमा मात्र सीमित छैन र भूमण्डलियकरण भइरहेको समाजमा नीज व्यक्तिहरूलाई अन्तर्राष्ट्रिय हिसाबले पनि बाधा सृजना गर्ने वा अप्ठ्यारो बनाउने काम गर्न मिल्दैन । अन्तर्राष्ट्रिय मूल्य मान्यतामै व्यापक प्रावधानहरू अपनाउँदा नेपालमा रहेका महिला र पुरुष बाहेकका व्यक्तिहरूलाई नेपाल बाहिर जान परेमा पनि यसकै कारणले समस्या खडा गर्दैन ।

त्यसै गरी नेपालको परिपक्षमा "तेस्रोलिंगी" भन्ने थप विधा पनि आवश्यक हुन आएको हो । यस्तो विधा भारतमा "T" भनेर राखिएको छ । "तेस्रोलिङ्गी"को अवधारणा दक्षिण एसियामा मात्र छ । दक्षिण एसियाली हिन्दु एवं इस्लामी संस्कृति अनुसार परम्परागत रूपमा आफूलाई महिला वा पुरुष भन्दा भिन्न भनी परिभाषित गर्ने आफ्नो छुट्टै समाज, समुदाय, वासस्थान, जीवनशैली, संस्कृति, रीतिरिवाज, मूल्य मान्यता, सामाजिक व्यवस्था र प्रणाली तथा भाषिका समेत भएका समुदायहरू तेस्रोलिङ्गी हो । तेस्रोलिङ्गी एउटा संस्कृतिमा आधारित लैङ्गिकता हो । यो एउटा धर्ममा आधारित लैङ्गिक समुदाय भएकोले यसको छुट्टै पहिचान कायम गर्न आवश्यक छ । यस्ता संस्कृतिमा आधारित लैङ्गिकताहरू संसारका अरु समुदायहरूमा पनि प्रशस्तै छन् । प्रशान्त महासागरका आदिवासी समुदायहरूमा पनि यस्तै गरी पुरुष र महिला अतिरिक्त Samoa राज्यमा fa'afafine, Tonga राज्यमा leiti, Niue राज्यमा fakafifine, Tuvalu र Kiribati मा pinapinaaine, Fiji राज्यमा vakasalewalewa, Papua New Guniea मा palopa, र Cook Islands मा akava'ine भन्ने परम्परागत अवधारणाहरू छन् । नेपालमा हेर्ने हो भने पहाडी समुदयमा मेटी, मारुनी (मारुनी नाच भन्न खोजिएको हैन), मैंबाबु (नेवाः समुदायमा), घाँडे (डोटेली), फुलुमुलु (पूर्वी हिमाली), फोलोक मोलोक (पश्चिमी हिमाली), कोथी (मधेस), ख्वाजासिरा (मुश्लिम), मौगियाह (मैथिली), इत्यादी विभिन्न समुदायहरू छन् वा थिए भने दक्षिण एसियालाई हेर्दा हिजडा, हिज्रा, खुसरा, खुस्रा, ख्वाजासिरा, कोजा (ओडिसा), माडा (ओडिसा), थिरुनङ्गाइ (टमिल नाडू), अरवानी (टमिल नाडू), मंगलामुखी (कर्नाटका), पावैया (गुजरात), खद्रा (सिन्धी), मेनका (केरला), अर्धनारेश्वर, शिव-शक्ति, किन्नर, किन्नरी, जोग्ती, इत्यादी सैयौं समुदायहरू छन् । कतिपय यस्ता समुदायहरूको छुट्टै भाषा वा भाषिका समेत हुन्छ । नेपालमा पनि नेपालीमै आधारित मेटी समुदायमा मेटी भाषा बोलिन्छ । दक्षिण भारतमा हिज्रा फारसी भन्ने छुट्टै भाषा नै छ । यी सबै तेस्रोलिङ्गी समुदायहरू आ-आफ्नै छुट्टा छुट्टै इतिहास हुन्छ, उनीहरूको छुट्टै स्थानमा समुदायगत

बसोबास हुन्छ र आफ्नो समुदायमा कोही भित्रन चाहेमा, समुदायमा भित्री सकेपछी, समुदायमा कसैको मृत्यु हुँदा बखतका चलन, परम्परा र रीतिरिवाज समेत हुन्छ ।

त्यसै गरी प्रचलित गृह मन्त्रालयको "यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई लिङ्गको महलमा 'अन्य' जनाई नागरिकता जारी गर्ने सम्बन्धि निर्देशिका, २०६९" अनुसार तोकिएका समुहहरूलाई "अन्य" जनाई नागरिकता लिनै पर्ने बाध्यता रहेको अवगत गराउँछौं भने हामीले यस प्रावधान र परिभाषाको वहिष्कार गरी २०७७ जेठ ४ गते एउटा मागपत्र जारी गरेकाछौं जुन यसै पत्र साथ संलग्न छ । लिङ्गको महलमा "अन्य" जनाइएका नागरिकतावाहकहरूले आफ्नो वास्तविक लैङ्गिक पहिचान अनुसार नै नागरिकता प्राप्त गर्न इच्छाएका छन् । यसरी नीतिगत रूपमा नै "अन्य" जनाई नागरिकता लिन बाध्य पार्नु सम्माननिय सर्वोच्च अदालतले आत्मनिर्णयको अधिकार सुनिश्चित गरी गरेका फैसलाहरूको विपरीत हुन गएको छ ।

३) हामी अहिले २१औं शताब्दीमा छौं र शायद यो विषयको स्मरण गराउनु आवश्यक छैन होला कि विश्व स्वास्थ्य संगठनले यी विविधताहरूलाई कुनै विकृति, विकार वा रोगको रूपमा लिँदैन र यो पूर्ण रूपमा प्राकृतिक रहेको घोषणा भइसकेको छ ।

कुनै व्यक्तिको लैङ्गिक पहिचान चिकित्सकीय जाँचले थहा पाउने विषय नै होइन । यस मामिलामा समाननिय सर्वोच्च अदालतबाट जारी भएका परमादेशहरूले स्पष्ट जनाएको छ कि हरेक व्यक्तिको लैङ्गिक पहिचान उसको आत्मनिर्णयको अधिकार हो । यति मात्र होइन, संयुक्त राष्ट्र संघका प्रतिवेदन र लैङ्गिक पहिचानलाई मान्यता दिएका राज्यहरूको कानुनले पनि यसलाई **self-declaration**को आधारमा लिने गरेको छ ।

आफ्नो लैङ्गिक पहिचान अनुसार परिचयपत्र प्राप्त गर्नका निम्ति कुनै चिकित्सकिय प्रकृया अपनाउनै पर्ने विषय सर्वोच्च अदालतका फैसला विपरीत हुनका साथै संयुक्त राष्ट्र संघले पनि यस्ता **Coercive Involuntary medical interventions** हरू मानव अधिकारको हनन हो र आफ्नो लैङ्गिक पहिचान अनुसार र आफूले इच्छाएको नाम प्राप्त गर्नका निम्ति आत्मनिर्णयलाई नै आधार मानेको पाइन्छ ।

४) नेपालको परिपक्षमा जन्मको ३० दिन भित्र नै जन्म दर्ता बनाइसक्नु पर्ने र त्यही अनुसार विद्यालय भर्ना गरिने, त्यसै अनुसार कक्षा ८ को प्रमाणपत्र बन्ने र त्यस प्रमाणपत्र अनुसार कक्षा १० को प्रमाणपत्र बन्ने एवं नागरिकता प्रमाणपत्र बनाउन पनि जन्मदर्ता र शैक्षिक प्रमाणपत्र बुझाउनुपर्ने हुनाले जन्मको ३० दिन भित्र गरिने निर्णयले कुनै व्यक्तिको जीवनभरी नै प्रभाव पारिरहनु पर्छ भन्ने आवश्यक छैन। मानव जीवनको अबोध अवस्था (जन्मको ३० दिन भित्र) गरिने निर्णय नै नीज व्यक्तिको जीवनभर प्रभाव पारिराख्नुपर्छ भन्नु नीजको संविधात प्रदत्त वैयक्तिक स्वतन्त्रताको विरुद्ध हो । जन्मको ३० दिन भित्र हुने अबोध अवस्थामा गरिएका निर्णय, हुर्कने बढ्ने उमेरमा समाजिक इङ्गनभन्दा फरक लैङ्गिकता भएको अनुभूती र सो अनुसार व्यक्तिले निर्वाह गर्न चाहने जीवनको अधिकार संरक्षित हुनु आवश्यक छ । विशेष गरी नेपालको जस्तो सामाजिक संरचनामा १६ वर्षको उमेरमा आफ्नो अभिभावक सँग नागरिकता बनाउन जाँदा अधिकांश व्यक्तिहरूले सामाजिक वहिष्कार र लाञ्छनाको डरका कारण आफ्नो वास्तविक पहिचान खुलाउन सक्दैनन् । यस्तो संवेदनशील विषयमा अधिकांश व्यक्तिहरूले आफू सबै हिसाबले आत्मनिर्भर नभएसम्म आफ्नो पहिचान नखुलाउने निर्णय लिन हाम्रो सामाजिक संरचनाले बाध्य बनाएको विषयलाई अवगत गराउँदै ढिलो गरी आफ्नो लैङ्गिक पहिचान बोध हुने व्यक्तिहरू र आफू आत्मनिर्भर भएपछि मात्र पहिचान खुलाउन चाहने व्यक्तिहरूको पनि अधिकार संरक्षित हुनुपर्छ ।

आफूलाई कसरी चिनाउने, कसरी परिचय दिने भन्ने नाम जस्ता आधारभूत विषयमा पनि व्यक्तिले निर्णय गर्न नपाउने र जन्मको ३० दिन भित्र अरुले फैसला गरिदिएकै नाम जीवनभर कायमै राख्नुपर्ने बाध्यता कानुनतः सृजना गरिनुहुँदैन । विशेष गरी हाम्रो सामाजिक परिवेशमा अधिकांश नामहरूमा लैङ्गिकता झल्कने भएकाले यौनाङ्गको आधारमा एउटा लैङ्गिकता इङ्गित गरी राखिदिएको नाम, नीज व्यक्तिले त्यसभन्दा फरक लैङ्गिक अनुभूति गरेपछि आफ्नो लैङ्गिक अनुभूतिसँग मेल खाँदो नाम अपनाउन चाहनु झन स्वभाविक मात्र होइन कि मनोसामाजिक स्वस्थताको तवरले पनि अनुकूल र अत्यावश्यक विषय हो । "प्रत्येक व्यक्तिलाई आफ्नो नाम, इज्जत र प्रतिष्ठाको रक्षा गर्ने अधिकार हुनेछ र त्यस्तो अधिकार अन्य व्यक्तिमा हस्तान्तरण हुन सक्ने छैन" भनी मुलुकी देवानी संहिता, २०७४ भाग-२ व्यक्ति सम्बन्धी कानून परिच्छेद-१ प्राकृतिक व्यक्ति सम्बन्धी व्यवस्थामा यस विषयलाई प्रत्याभूत गरिएको छ । जन्म लिएपछि उक्त शिशुलाई चिनाउन अभिभावक वा संरक्षकले एउटा नाम प्रदान गर्नु स्वभाविक नै हो तर कानुनतः त्यही नाम नै मृत्यु नहुन्जेल कायम राख्नै पर्छ भनी बाध्य तुल्याउनु मिल्दैन ।

५) सबैलाई समेट्नका निम्ति कुन शब्दको प्रयोग गर्ने भन्ने विषयमा : सबैलाई समेट्ने भनेको कसलाई समेट्ने र किन समेट्ने भन्ने कुरा हो । LGBTIQ+ समुदायलाई समेट्नुपर्छ भन्ने प्रकारको कुरा उठ्दा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । गृह मन्त्रालयको "यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई लिङ्गको महलमा 'अन्य' जनाई नागरिकता जारी गर्ने सम्बन्धि निर्देशिका, २०६९"मा पनि Gay, Lesbian, Bisexual जस्ता यौनिकताहरूलाई पनि लैङ्गिकताको रूपमा चित्रण गरिएर अपव्याख्या गरिएको छ । लैङ्गिक पहिचान (Gender Identity) र यौन अभिमुखिकरण (Sexual Orientation) छुट्टा छुट्टै विषयहरू हुन् । हामीले यसै पत्रमा अन्तर्राष्ट्रिय मूल्य मान्यताहरू सम्बन्धी बनाएका सूची अध्ययन गर्दा पनि यो कुरा स्पष्ट हुन्छ । लैङ्गिक पहिचान सम्बन्धीको प्रावधानमा लैङ्गिक पहिचानकै विषय मात्र समेटिनु पर्ने हो, यस बाहेकका विषयलाई असादर्भिक रूपमा समेटेर नयाँ समस्याको सृजना मात्र हुन्छ । पुरुष र महिला बाहेकका लैङ्गिकतालाई समेट्ने शब्द नै गैर-द्वयसांखिक (Non-binary) हो र नेपालको धार्मिक परिपक्षले दिएको तेस्रोलिंगी हो । महिला र पुरुष बाहेकका लैङ्गिकतालाई समेट्ने शब्द नै यिनै हुन् । कुनै व्यक्ति महिला हुनु, पुरुष हुनु वा त्यस बाहेक हुनु लैङ्गिकताको विषय हो । कुनै पुरुषले पुरुष मनपराउनु, पुरुषसँग नै आकर्षित हुनु वा पुरुषसँग नै यौन सम्पर्क राख्नु उसको यौनिकता (Sexuality)को विषय हो । कुनै महिलाले महिला मनपराउनु, महिलासँग नै आकर्षित हुनु वा महिलासँग नै यौन सम्पर्क राख्नु उसको यौनिकता (Sexuality)को विषय हो । यही समयौनिक (Gay, Lesbian), द्वियौनिक (Bisexual), सर्वयौनिक (Pansexual), इत्यादी यौनिकता हुन् लैङ्गिक पहिचान होइनन् ।

यहाँ संवाद लिङ्गको महलमा पुरुष, महिला, वा अरु केही लेख्ने विषयमा हो, कुनै पुरुषले पुरुषसँग यौन सम्पर्क राख्छ कि, महिलासँग यौन सम्पर्क राख्छ कि, इत्यादी विषयमा होइन । कुनै व्यक्तिलाई महिलासँग यौन सम्पर्क गर्ने पुरुष वा पुरुषसँग यौन सम्पर्क गर्ने महिला भनी नागरिकतामा उल्लेख गर्रिँदैन भने महिलासँग यौन सम्पर्क गर्ने महिला, पुरुषसँग यौन सम्पर्क गर्ने पुरुष, इत्यादी नागरिकतामा राख्न आवश्यक छैन । संविधानमा पनि लैङ्गिक पहिचान अनुसारकै नागरिकता भनिएको छ, यौन अभिमुखिकरण अनुसारको हैन । तसर्थ यी दुई फरक विषयहरूमा अन्योलता सृजना नगरौं ।

त्यसैले भाषालाई यसरी फ्रेमिङ गरौं । नेपालको संविधानमा "लैङ्गिक तथा यौनिक अल्पसंख्यक" शब्दावली छ । लैङ्गिक तथा यौनिक अल्पसंख्यक भन्नाले सिमान्तकृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताका व्यक्तिहरू हुन् । नागरिकता विधयकको सवालमा "लैङ्गिक पहिचान"को मात्र चर्चा गर्नुपर्ने हो । त्यसैले यसलाई "लैङ्गिक तथा

यौनिक अल्पसंख्यक अन्तर्गत लैङ्गिक पहिचानका आधारमा सिमान्तकृत समूहहरू" भनेर सम्बोधन गरौं । सम्पूर्ण लैङ्गिक तथा यौनिक अल्पसंख्यक जनसंख्यालाई लैङ्गिक पहिचानको सरोकारले प्रभाव गर्दैन, त्यस छाता अन्तर्गत लैङ्गिक पहिचानकै आधारमा सिमान्तकृत समूहहरूलाई मात्र समेट्न पर्ने हो ।

अब यी विषयहरूमा नेपालकै सम्माननीय सर्वोच्च अदालतले कस्ता फैसला गरेका छन्

१) सुनिलबाबु पन्त वि. नेपाल सरकार समेत भएको मुद्दा (नेकाप २०६५, अङ्क ४, नि.नं. ७९५८) मा:

- "बच्चा जन्मदा एउटा लिङ्गिमा जन्मेको भएपनि जैविक (Biological) र प्राकृतिक (Natural) प्रकृया अनुसार जन्मदा भन्दा अर्को लिङ्गिमा विकास भई जन्मदाको भन्दा फरक लिङ्गिमा लैङ्गिक स्वरुप परिवर्तन हुन सक्छन् । यस्तो परिवर्तन हुदैमा तिनीहरु मानव जाति वा नागरिक नै होइनन् भन्न नमिल्ने ।"
- "कानूनले निर्धारण गरेको उमेर पूरा गरेका व्यक्तिहरुले कसरी यौन सम्पर्क (Sexual Intercourse) राख्दछन् र त्यस्तो सम्पर्क प्राकृतिक अप्राकृतिक के हो भनी प्रश्न गर्ने अधिकार कसैलाई पनि प्राप्त हुन नहुने ।"
- "यौनिक क्रियाकलापलाई अप्राकृतिक भनी लैङ्गिक पहिचान र यौन अभिमुखीकरणलाई अस्वीकार गर्न सकिने अवस्था हुनु हुदैन । जब कुनै पनि व्यक्तिले आफ्नो स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान हासिल गर्दछ तत्पश्चात उसको जैविक लिङ्ग के हो? निजले कस्तो यौन साथी रोज्नु पर्ने हो, कस्तो व्यक्तिसँग बैवाहिक सम्बन्ध कायम गर्नुपर्ने हो भन्ने कुराको निर्धारण अरु व्यक्ति, समाज, राज्य वा कानूनले गरिदिने होइन । यो नितान्त रुपमा त्यस्तो व्यक्तिको वैयक्तिक आत्मनिर्णयको अधिकार अन्तर्गत पर्ने ।"
- "मानिसको स्वतन्त्रता, प्रतिष्ठा र आत्मसम्मानमा चोट पुर्‍याउने खालका कुनै पनि व्यवस्थाहरु मानव अधिकारको दृष्टिकोणबाट मान्य हुन सक्दैनन् । धर्म, संस्कृति, परम्परा, मूल्य मान्यता जस्ता कुनै पनि आधारमा व्यक्तिको आधारभूत अधिकारलाई संकुचन गर्न नहुने ।"
- "नेपाल सन्धि ऐन, २०४७ को दफा ९ वमोजिम ICCPR/ICESCR समेत नेपाल कानून सरह भएको हुँदा LGBTT हरुले आफ्नोपनको अधिकार (Right to have one's own identity) को आधारमा विना भेदभाव आफ्नै पहिचान सहित नेपाल कानूनले दिएको हकहरु अरु सरह निर्वाध रुपमा उपभोग गर्न पाउनु पर्ने ।"

- “एउटा सावालक व्यक्तिले अर्को सावालक व्यक्तिसँग राजीखुशी मञ्जूरीले आफ्नो चाहना अनुरुप वैवाहिक सम्वन्ध राख्न पाउनु उसको नैसर्गिक हक र अधिकार हो। ”
- “व्यक्तिको अधिकारको प्रयोगका सम्बन्धमा भएका अन्तर्राष्ट्रिय अभ्यासहरु, बदलिंदो विश्व समाज र अल्पसंख्यकको अधिकारको सम्मान गर्ने परिपाटीलाई हामीले पनि क्रमशः आत्मसात गर्दै जानु पर्दछ । समाजमा विकृति फैलिन्छ कि भन्ने धारणाका आधारमा मात्र यस्ता व्यक्तिको अधिकारलाई कानुनी रुपमा नै बेवास्ता गर्दै जाने हो भने हाम्रो मानव अधिकार प्रतिको प्रतिवद्धतामा अन्तर्राष्ट्रियस्तरमा नै प्रश्न उठ्न जान्छ ।”
- “यो समस्या कुनै Psychiatric समस्या नभएर प्राकृतिक रुपमा नै आउने स्वभावगत हो भन्ने कुरा चिकित्सा विज्ञानले प्रमाणित गरिसकेको छ । अव चिकित्सा शास्त्र र विज्ञानले देखाएका निचोडहरुलाई अस्वीकार गरी यथास्थितिमा रहन सकिने अवस्था पनि हुँदैन । मानिसको स्वतन्त्रता, प्रतिष्ठा र आत्मसम्मानमा चोट पुर्‍याउने खालका कुनै पनि व्यवस्थाहरु मानव अधिकारको दृष्टिकोणबाट मान्य हुन सक्दैनन् । धर्म, संस्कृति, परम्परा, मूल्य मान्यता जस्ता कुनै पनि आधारमा व्यक्तिको आधारभूत अधिकारलाई संकुचन गरिनु पनि हुँदैन ।”

भन्ने ब्याख्या गरेको पाइन्छ ।

२) रजनी शाही वि. रार्ष्टिय महिला आयोग समेत भएको मुद्दामा भएको आदेश (मुद्दा: बन्दीप्रत्यक्षीकरण, नेकाप २०७०, अङ्क १, नि.नं. ८९४५) मा “ राज्यको प्रचलित संविधान तथा कानूनले निषेध नगरेको अवस्थामा परम्परागत रुपमा रहेको सामाजिक मान्यताभन्दा मानव अधिकारको विषयले प्राथमिकतामा पाउने हुन्छ । त्यसैगरी प्रचलित कानूनले बर्जित नगरेको र संविधानले उपलब्ध गराएको हकसगँ सादृश्यता राख्ने अधिकारको उपभोगलाई सामाजिक मान्यताको कारणले बञ्चित गर्न पनि मिल्ने हुँदैन ।"

३) सुनिलबाबु पन्त समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको अर्को मुद्दा (मुद्दा: परमादेश, नेकाप २०७४, अङ्क ९, नि.नं. ९८७५) : मा :

- “कुनै पनि व्यक्तिले आफ्नो पहिचानसहितको आत्मसम्मानपूर्वक बाँच्न पाउनु निजको आधारभूत मानव अधिकारको विषय हो । यस्तो अवस्थामा फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएका व्यक्तिहरूले पनि आफ्नो स्वतन्त्र पहिचानसहित आत्मसम्मानपूर्वक बाँच्न पाउनु निजको मानव अधिकार तथा संवैधानिक हक हुने ।”

- “कुनै पनि व्यक्तिले आफ्नो स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान हासिल गर्नु निजको नितान्त वैयक्तिक आत्मनिर्णयको अधिकारअन्तर्गतको विषय हो । यसमा अरू व्यक्ति समाज राज्य वा कानूनले जैविक लिङ्ग के हो भनी निर्धारण गर्नु सान्दर्भिक हुँदैन । मानिसको स्वतन्त्रता प्रतिष्ठा र आत्मसम्मानमा चोट पुर्‍याउने खालका कुनै पनि व्यवस्थाहरू मानव अधिकारको दृष्टिकोणबाट समेत मान्य हुन नसक्ने ।”
- “लैंगिक अल्पसंख्यक समुदायहरू आफ्नो वास्तविक पहिचानभन्दा फरक परिचय पत्रका साथ रहन पर्दा आत्मसम्मानमा चोट पुग्नुका साथै सामुदायिक अपनत्वलाई समेत कमजोर तुल्याउने हुन्छ । आफ्नो अनुभूतिभन्दा फरकरूपमा आफ्नो परिचय लुकाई त्रासपूर्ण तथा अदृश्य जीवन जीउन बाध्य पार्नु यस्ता यौनिक अल्पसंख्यकहरूको मानव अधिकारको उल्लङ्घनसमेत हुन जाने ।”
- “कतिपय अवस्थामा आफ्नो लैंगिक पहिचान ढिलो गरी मात्र थाहा पाउने र व्यक्त गर्नसक्ने हुँदा यस्तो अवस्थामा पहिले शारीरिक जैविक अंगको आधारमा पाएको नागरिकता प्रमाण पत्रमा संशोधन गर्न पाउने अधिकार कानूनतः सुरक्षित गर्नुपर्ने ।”
- “कुनै पनि व्यक्ति जैविक रुपमा जुनसुकै लिंग लिएर जन्मे पनि नीजको वास्तविक पहिचान भनेको नीजले व्यक्तिगत रुपमा गरिने लैङ्गिक अनुभूती सहितको पहिचान नै हो ।”
- “नागरिकता प्रमाण पत्रमा उल्लेख भएको लिङ्गको जस्तो लैङ्गिक अनुभूति नभई फरक अनुभूती भएको र आफ्नो अनुभूती भन्दा फरक पहिचानमा बाँच्नु र चिनिनु पर्दा आफ्नो आत्मसम्मानमा चोट पुग्न गई अपमानित भएको महसुस गरेको देखियो ।”
- “लैङ्गिक पहिचान भन्नाले हरेक व्यक्तिको भित्री मनबाट आएको अनुभूति र लिङ्ग सम्बन्धी व्यक्तिगत अनुभव जुन जन्मदाको जैविक लिङ्गभन्दा विपरीत वा सो प्रतिकूल अन्य पहिरन बोली र व्यवहारबाट व्यक्त गरिने फरक लैङ्गिक अनुभूती सम्झनु पर्दछ ।”

४) सुमन पन्त समेत वि. गृह मन्त्रालय, अध्यागमन विभाग, डिल्लीबजार काठमाडौंसमेत समेत भएको अर्को मुद्दा (मुद्दा: परमादेश, नेकाप २०७४, अङ्क १२, नि.नं. ९९२१) : मा :

- “संविधानमा प्रयुक्त “व्यक्ति” वा “नागरिक” भन्ने शब्दहरू लैङ्गिकरूपमा निरपेक्ष शब्द हुन् । यी शब्दले पुरूष मात्र वा महिला मात्र भनी बुझाउँदैनन् । तसर्थ संविधानद्वारा प्रत्याभूत मौलिक हकहरू पुरूष वा महिलालाई मात्र प्राप्त हुन्छन्; पुरूष वा महिलाको परम्परागत वर्गमा नपर्ने वा आफूलाई सो वर्गमा राख्न नचाहने अन्य वर्गका व्यक्तिहरूलाई प्रत्याभूत गरिएका होइनन्;

संविधानको समान संरक्षण उनीहरूलाई प्राप्त छैन भनी भन्न र त्यसरी प्रत्याभूत गरिएका हकहरूबाट उनीहरूलाई वञ्चित गर्न नमिल्ने ।”

- “संविधानले प्रत्येक व्यक्तिलाई प्रत्याभूत गरेको सम्मानपूर्वक बाँच्न पाउने हकअन्तर्गत व्यक्तिको रूपमा उसको पहिचानको हक पनि पर्छ । व्यक्तिको रूपमा उसको भौतिक अस्तित्व र पहिचानलाई नस्वीकारेसम्म सम्मानको कुरा आउँदैन । त्यस्तैगरी व्यक्तिको रूपमा जीवनलाई पूर्ण बनाउने स्वायत्तताको सम्मान नगरेसम्म उसको सम्मानलाई स्वीकार गरिएको भन्न मिल्दैन । यस दृष्टिबाट संविधान प्रदत्त हकहरूसँग नमिल्ने कानून, नीति र व्यवहारहरूले मान्यता पाउनसक्ने अवस्था नहुने ।”
- “मानव अधिकार कानूनको बृहत् परिवेश र हाम्रो संविधानले गरेको मौलिक हकसम्बन्धी व्यवस्थाको आलोकमा लैङ्गिक तथा यौनिक अल्पसंख्यकउपर गरिने सबैखाले विभेदहरू, चाहे कुनै कार्य (action) हुन् वा कार्य नगरिएको स्थिति अर्थात् अकर्मण्यता (Omission) हुन्, गैरकानूनी देखिने ।”
- “लिङ्ग, शारीरिक स्थिति, वैवाहिक स्थितिसमेतको आधारमा भेदभाव गर्न नपाइने तथा सामाजिक वा सांस्कृतिक रूपले पिछडिएको लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायतका समूहको अस्तित्व, पहिचान र सम्मानमा वा चाहनामा प्रतिकूल असर पर्ने वा अधिकारको उपभोग वा प्रचलन निस्तेज वा निरर्थक हुने गरी परहेज, वञ्चना वा प्रतिबन्धको स्थिति सृजना गर्न कुनै किसिमबाट पनि मिल्ने नदेखिने ।”
- “आफ्नो व्यक्तिगत जीवन कसरी सञ्चालन गर्ने, आफ्नो लैङ्गिक पहिचान के हुने र आत्माको कुन पुकारलाई सुन्ने भन्ने कुरा आत्मनिर्णयको अधिकार हुने ।”

नेपालको संविधान

१) नेपालको संविधान धारा १० ले कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बन्चित गरिने छैन र नेपालमा प्रादेशिक पहिचान सहितको एकल संघिय नागरिकताको व्यवस्था गरिएको उल्लेख छ ।

२) धारा १२ ले यस संविधान बमोजिम बंशजको आधारमा नेपालको नागरिकता प्राप्त व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने व्यवस्था गरेको छ ।

३) संविधानको मौलिक हक र कर्तब्य अन्तर्गत धारा १६ को सम्मानपुर्वक बाँच्न पाउने हक, धारा १८ को समानातको हकले सवै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट बन्चित गरिने छैन्, सामान्य कानूनको प्रयोगमा कुनैपनि नागरिक माथि भेदभाव गरिने छैन भनि स्वतन्त्रता, समानता र अभिवेदको हकलाई सवैभन्दा महत्वपूर्ण मौलिक हकको रुपमा प्रत्याभुत गरेको छ ।

अन्तर्राष्ट्रिय मूल्य मान्यता एवं अभ्यास

संयुक्त राष्ट्र संघका सिद्दान्त र विभिन्न देश एवं राज्यहरूले यस विषयमा बनाएका कानुनहरू पनि यसै पत्रसाथ संलग्न गरेका छौं भने त्यसको सूची देहाय बमोजिमको छ ।

1. Yogyakarta Principles, यस विषय सम्बन्धिको अन्तर्राष्ट्रिय सिद्दान्त
   https://yogyakartaprinciples.org/
2. यस विषयमा संयुक्त राष्ट्र संघद्वारा जारी गरिएका तथ्यपत्रहरू
   A. UN Transgender Fact Sheet : https://www.unfe.org/wp-content/uploads/2019/03/Transgender_Factsheet_English.pdf
   B. UN Intersex Fact Sheet : https://www.unfe.org/wp-content/uploads/2017/05/UNFE-Intersex.pdf
   C. यस सम्बन्धि संयुक्त राष्ट्र संघको अभियान
   https://www.unfe.org/
3. NYC Commission on Human Rights Legal Enforcement Guidance on Discrimination on the Basis of Gender Identity or Expression: Local Law No. 3 (2002); N.Y.C. Admin. Code § 8-102
   https://www1.nyc.gov/site/cchr/law/legal-guidances-gender-identity-expression.page
4. California Gender Recognition Act - Senate Bill No. 179 CHAPTER 853
   https://leginfo.legislature.ca.gov/faces/billNavClient.xhtml?bill_id=201720180SB179
5. World Health Organization - FAQ on Health and Sexual Diversity An Introduction to Key Concepts

https://www.who.int/gender-equity-rights/news/20170329-health-and-sexual-diversity-faq.pdf?ua=1

6. American Psychological Association : Transgender People, Gender Identity and Gender Expression
   https://www.apa.org/topics/lgbt/transgender
7. Argentina's Gender Identity Law as approved by the Senate of Argentina on May 8, 2012
   https://globaltransaction.files.wordpress.com/2012/05/argentina-gender-identity-law.pdf
8. United Nations General Assembly : 12 July 2018, A/73/152 : Protection against violence and discrimination based on sexual orientation and gender identity
   https://www.un.org/en/ga/search/view_doc.asp?symbol=A/73/152
9. United Nations Human Rights Council : 12 February 2020, A/HRC/43/52 : Report of the Special Rapporteur on the right to privacy
   https://undocs.org/en/A/HRC/43/52
10. United Nations Economic Commission For Europe - ECE/CES/BUR/2019/FEB/3 - In depth review of measuring gender identity
    https://www.unece.org/fileadmin/DAM/stats/documents/ece/ces/ge.30/2019/mtg1/03_In-depth_review_of_Measuring_Gender_Identity.pdf
11. UN Committee on Economic, Social and Cultural Rights
    General Comment No.14 (2000), General Comment No. 22 (2016)
12. The Committee for the Elimination of Discrimination Against Women, General Recommendation No. 24: §31
13. UN Special Rapporteur on Torture, and other cruel, inhuman or degrading treatment or punishment, report 2016, 5 January 2016, A/HRC/31/57
    https://undocs.org/pdf?symbol=en/A/HRC/31/57
14. UN Independent Expert, report to the UN Human Rights Council, June 2017, A/HRC/35/36
    https://digitallibrary.un.org/record/1301206/files/A_HRC_35_36-EN.pdf

15. Elimination forced of coercive and otherwise involuntary sterilization; An inter-agency statement of OHCHR, UN Women, UNAIDS, UNDP, UNFPA, UNICEF and WHO https://www.who.int/reproductivehealth/publications/gender_rights/eliminating-forced-sterilization/en/
16. Transgender Persons (Protection of Riqhts) Act,2018 - Pakistan http://www.na.gov.pk/uploads/documents/1528787262_286.pdf
17. Parliament of Victoria Births, Deaths and Marriages Registration Amendment Bill 2016 https://www.parliament.vic.gov.au/publications/research-papers/download/36-research-papers/13775-births-deaths-and-marriages-registration-amendment-bill-2016
18. AN ACT to amend the Gender Identity, Gender Expression and Sex Characteristics Act, Cap. 540 - Malta http://justiceservices.gov.mt/DownloadDocument.aspx?app=lom&itemid=12312&l=1
19. Excerpt from: Prop 74 L (2015-2016) Proposition to the Storting (proposal for a legislative decision) The Legal Gender Amendment Act, Norway https://tgeu.org/wp-content/uploads/2016/07/Prop74LEng.pdf
20. Australian Human Rights Commission, ISBN 978-1-921449-10-9 - The sex and gender diversity project https://humanrights.gov.au/sites/default/files/content/genderdiversity/SFR_2009_Web.pdf

यसै साल सन् २०२० मे १७ तारिख (२०७७ जेठ ४) मा नेपाल र अन्तर्राष्ट्रिय तहमा यस क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था समूह एवं सरोकारवाला व्यक्तिहरूले संयुक्त रूपमा "नेपालमा लैङ्गिक पहिचानको कानुनी मान्यता सम्बन्धी राष्ट्रिय मागपत्र" जारी गरेको थियो । उक्त मागपत्रले नेपालको ओभर-अल सम्बन्धमा लैङ्गिक पहिचानका के कस्ता प्रावधान, नीतिनियम र कानुन हुनुपर्छ भन्ने माग अघि सारेको छ। ३१ मार्च २०२० (२०७६ चैत १८ गते) पारलैङ्गिक व्यक्तिहरूले पनि आफ्नो लैङ्गिक पहिचानको अधिकार सम्बन्धि मागपत्र अघिसारेको छ ।

निष्कर्ष

नेपालको संविधान, सम्मानित सर्वोच्च अदालतद्वारा प्रतिपादित मूल्य मान्यता एवं अन्तर्राष्ट्रिय अभ्यासहरूलाई समेत हेर्दा हाम्रो सामाजिक बुझाईमा लिंग भएका व्यक्तिहरू पुरुष र योनी भएका व्यक्तिहरू महिला भन्ने बाइनेरी मान्यता अधिक पनि थुप्रै विविधताहरू छन् र ती विविधताका व्यक्तिहरूलाई पनि मैत्रीपूर्ण हुने प्रकारको कानुनी संरचना बन्नुपर्ने विषयलाई मौलिक अधिकारको रूप्मा प्रत्याभूत गरिएको छ । नेपालको संविधान, सम्मानित सर्वोच्च अदालतद्वारा प्रतिपादित मूल्य मान्यता एवं अन्तर्राष्ट्रिय अभ्यासहरू सबैले लैङ्गिक पहिचानलाई स्वःअनुभूति, स्वःपहिचान, self-declaration र आत्मनिर्णयकै आधारमा हुने स्पष्ट भाषा फैसला र कानुनी स्थापना गरिएको छ ।

नेपालकै सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजीर सिद्दान्तहरूको सम्मान गरी, नेपालको संविधान ले नै प्रत्याभूत गरेका अधिकारहरूको संरक्षण गरी अन्तर्राष्ट्रिय मूल्य मान्यता बमोजिम यस वर्गको पनि अधिकार कानुनतः सुरक्षित हुनुपर्ने माग हामी अघि सर्छौं ।

यस माग पेश गर्दछौं:

संघ-संस्था, समूह, तथा नागरिक समाज

1. क्वयेर युथ ग्रुप, यस क्षेत्रमा काम गर्ने एउटा informal group, अहिले not-for-profit को रूपमा दर्ता हुने प्रकृयामा रहेको (queeryouthgroup.nepal@gmail.com)
2. क्याम्पेन फर चेन्ज, अन्तर्लिङ्गी व्यक्तिहरूको अधिकारका क्षेत्रमा कार्यरत संस्था, (campaignforchange17@gmail.com)
3. Queer Rights Collective (queercollectivenepal@gmail.com)
4. Women for Human Rights Single Women Group (https://whr.org.np/website/)
5. YUWA, युवा नेतृत्व विकासमा कार्यरत एक संस्था (www.yuwa.org.np)
6. कथा घेरा, कलाकार अभियानकर्ताको नाट्य समुह (kathaghera@gmail.com)
7. Voices of Women Media (info@voicesofwomenmedia.org)
8. Counter Culture Nepal (counterculturenepal@gmail.com)

9. Aama Ko Koseli, महिला शसक्तिकरणको क्षेत्रमा कार्यरत संस्था (aamakoseli@gmail.com)
10. Body & Data, इन्टरनेटमा लैङ्गिकता र यौनिकताको क्षेत्रमा कार्यरत (https://bodyanddata.org/)
11. जागृती महिला महासंघ, नेपालमा महिलाहरूका निम्ति एचआइभि रोकथाम, हेरचाह र समर्थन प्रदान गर्ने संस्था (jmms.fswfederation@gmail.com)
12. तान नेपाल, महिलावादी संस्था (https://www.loomnepal.org/)
13. प्रयत्न नेपाल, दृष्टिविहीन महिलाहरूको क्षेत्रमा कार्यरत (https://www.prayatnanepal.org/)
14. Youth in Federal Discourse (contact.yfd@gmail.com)
15. Youth Resource Network (yrn.nepal@gmail.com)
16. Boju Bajai, (bojubajai@gmail.com)
17. WOREC Nepal वोरेक नेपाल (https://worecnepal.org/, ics@worecnepal.org)
18. Haushala Creatives (http://www.haushala.com/, haushala.creatives@gmail.com)
19. Nepal Health Corps (nepalhealthcorps@gmail.com)
20. The Story Kitchen, (https://thestorykitchen.org/)
21. Puku Didi Foundation, (answers@pukudidi.org)

व्यक्तिहरू

1. रुक्शना कपाली, पारलैङ्गिक अधिकारकर्मी
2. इशान रेग्मी, अन्तर्लिङ्गी अधिकारकर्मी
3. दिपेश श्रेष्ठ, गैर-द्वयसांखिक अधिकारकर्मी
4. सुरक्षा जोशी, गैर-द्वयसांखिक अधिकारकर्मी
5. बिपिन कडायत, अन्तरलिङ्गी अधिकारकर्मी
6. प्रतीक थापा मगर, पारलैङ्गिक पुरुष
7. नूर केसी, पारलैङ्गिक महिला
8. आरोन थापा, पारलैङ्गिक पुरुष
9. #####, विविध यौनिकता र लैङ्गिकताका अधिकारकर्मी,

10. #####, विविध यौनिकता र लैङ्गिकताका अधिकारकर्मी
11. एन्जल लामा, विविध यौनिकता र लैङ्गिकताका अधिकारकर्मी
12. अनमोल राई, विविध यौनिकता र लैङ्गिकताका अधिकारकर्मी
13. सौजन मगर, पारलैङ्गिक पुरुष
14. समायरा श्रेष्ठ, पारलैङ्गिक महिला युट्युबर
15. रिजुल केसी, पारलैङ्गिक पुरुष
16. रिहाना थेबे लिम्बु, विविध यौनिकता र लैङ्गिकताका अधिकारकर्मी, Collation of Drug User In Nepal Network
17. श्रेयान दनुवार, पारलैङ्गिक पुरुष
18. सुप्रिया तामांग
19. अष्टिका सुवेदी
20. मल्लिका चौलागाईं, Tarangini Foundation
21. राजी मन्जरी पोखरेल, मनोस्वास्थ्य अभ्यासकर्ता
22. सुप्रिया मानन्धर
23. सुमीरा श्रेष्ठ, Gyanbodh Research and Development Services
24. मिजला चित्रकार
25. पूजा पन्त
26. गीता रसाइली
27. आकांक्षा कार्की, रङ्गकर्मी
28. लक्ष्य ढुंगाना,
29. ध्रुव योन्जन, BALLB
30. उषा लामा
31. शुभम चौधरी
32. बुनु ढुङ्गाना
33. कबिता बाहिङ राई
34. सुष्मिता श्रेष्ठ
35. मेरिना फगामी
36. प्रदिप शाही
37. रविन गुरूङ
38. प्रेरणा गुरुङ
39. निश्चल प्रजापति
40. सोफिया गौतम
41. आशु कुमार सर्राफ, पत्रकार
42. प्रतिक गुरूङ
43. नयनतारा गुरुंग कक्षपति
44. सुश्मिता श्रेष्ठ, मानव अधिकारकर्मी, AYON Nepal
45. निकिता त्रिपाठी
46. युक्ता बज्राचार्य
47. कृति गुरूंग
48. अनिकेत महर्जन
49. आस्मा न्यौपाने
50. मल्लिका अर्याल
51. परञ्जय नेपाल
52. बबिता राई
53. टासी घले
54. कमल गौतम
55. प्रार्थना दीक्षित
56. सुबिन मुल्मी
57. डा. कुमुद राना, समाजशास्त्री

58. बिन्दु शर्मा, महिला अधिकारकर्मी, ओरेक
59. स्मिता मगर
60. प्रियंका डंगोल
61. न्हुजः महर्जन
62. शिवाङ्गी दवाडी
63. शेरी थापा मगर
64. अङ्कित मानन्धर खड्गी
65. दिकपाल खत्री छेत्री
66. शशाङ्क प्याकुरेल
67. बिराट बिजय ओझा
68. ज्ञान गुरुङ
69. प्रयाग राज पाण्डे
70. नेहा गौचन
71. निहाल मोक्तान
72. विज्ञान शेरचन
73. सुश्मिता थापा
74. कृपा डंगोल
75. मोनिका निरौला
76. देविका राई
77. विशाल विक्रानत अधिकारी
78. इशा पौडेल
79. संघमित्र वज्राचार्य
80. अन्जिता पराजुली
81. ऋचा थापा
82. शुभाणी सिंह
83. अमिष राज मुल्मी
84. दिवस राजा केसी
85. मानुषी यमि भट्टराई, राजनीतिकर्मी
86. प्रलव कार्की, विद्यार्थी
87. शैली चौधरी, महिलावादी अधिकारकर्मी, अध्यक्ष - संस्कृती
88. अमिता शर्मा, अधिवक्ता
89. #####
90. #####
91. उमङ्ग राज श्रेष्ठ
92. शिवात्मिका पोखरेल
93. रोशा श्रेष्ठ
94. दिपेश खनाल
95. एमिल श्रेष्ठ
96. निरन्जन कुँवर
97. यलमबर राई
98. रोशन भट्ट, सह-संस्थापक , क्यानोपी नेपाल
99. हनी शाक्य
100. लेक्स लिम्बु
101. इरादा गौतम
102. कृपा बस्न्यात्
103. शान्ती तिवारी
104. करण कार्की
105. उरिशना शाक्य
106. प्रणिका कोयू, लेखक, अधिकारकर्मी
107. सुजु पुन
108. बिष्णु अधिकारी, मानवशास्त्र विद्यार्थी
109. कैलाश गुरुङ
110. मनसा प्रधान
111. स्मृति श्रीश मगर
112. डा. श्वेता बानीया

113. सन्देश घिमिरे
114. हिमा बिष्ट, अधिकारकर्मी
115. रिन्जी लवाती
116. सबिना ढकाल, International Institute For Human Rights, Environment and Development (INHURED)
117. हिमांशु घिमिरे
118. प्रथम प्रधान
119. सोमराज घर्ती, विद्यार्थी
120. निश्चला अर्जेल, अधिवक्ता
121. पिया लाओति
122. पावन माथेमा
123. अमित तामाङ
124. सरीता चौधरी
125. राज्य लक्ष्मी गुरुङ, समाजशास्त्री
126. सुबिना परियार
127. सौजन पन्धाक
128. भारती पौडेल
129. सुप्रिमा गुरुङ
130. रिवज कार्की
131. रीता केसी
132. नैना राई
133. सुश्मिता चौधरी
134. प्रदीप राना
135. नेहा श्रेष्ठ
136. अनिरुप घिमिरे
137. बिनिता पाण्डे
138. सम्राट गौतम
139. काशिराम ढुङ्गाना, अधिवक्ता
140. सुप्रिना बज्राचार्य
141. मनस्वी पौडेल
142. अलिशा नायर
143. ज्योत्स्ना मास्के, महिलावादी
144. रुषा अधिकारी
145. रेश्मा थापा, महिलावादी
146. सहिना श्रेष्ठ
147. आनन्द मानन्धर
148. नुभा राई
149. प्रभा पौड्याल
150. समिक्षा धिमाल
151. नीरज गोतामे
152. प्रतीक क्षेत्री
153. निक्की गौतम
154. तेनजिन दुलाल
155. विवेक कपाली
156. निरोज भण्डारी
157. भावना श्रेष्ठ
158. मिबुसा घिमिरे
159. राजेन्द्र थिके, नेपाली नागरिक
160. अङ्गिनमा लामा
161. रतन देवकोटा
162. प्रियाङ्का गुरुङ
163. ऋचा न्यौपाने
164. प्रिती गुरुङ
165. साङ्गनुम राई
166. सन्जोग ठकुरी, अधिकारकर्मी
167. ओजस्वी सापकोटा
168. मोहेन रंजितकार

169. गौरी नेपाली, लेखक
170. रिकीना राजभण्डारी
171. श्रेया जोशी
172. सुजन दंगाल
173. प्रदिश पौडेल , Nepal Health Corps
174. श्रेशा कर्माचार्य
175. आदित्य पोखरेल
176. समानता थापा
177. निर्णय भट्ट
178. विद्यालक्ष्मी महर्जन
179. गुन्जन दीक्षित
180. नेहारिका श्रेष्ठ
181. देवाशिष रेग्मी
182. स्वाती पन्त
183. समानता थापा
184. विबेक तुलाधर
185. परिशा राजभनडारी
186. प्रतक्ष्या भण्डारी
187. आयुष्मा श्रेष्ठ
188. आशिष श्रेष्ठ
189. सुशील मानन्धर
190. क्षितिज खड्का
191. गोपाल बहादुर श्रेष्ठ
192. दिनेश भण्डारी
193. प्रकट तुलाधर
194. सुनिता शर्मा
195. जेनी सुनुवार
196. आभा लाल
197. सबिन रिमाल
198. प्रकृति ढकाल Nepal Health Corps
199. प्रतिष्ठा पौडेल
200. बादल लामा
201. पुस्पा पौडेल, मानवशास्त्र विद्यार्थी
202. दीपमाला महर्जन, चित्रकार
203. शुभ कयास्थ, महिलावादी
204. समीर तामाङ
205. लोरिना स्थापित
206. सृष्टी कोलाक्षपती
207. अस्मिका गुरागाईं
208. अमुदा मिश्र
209. मोना आदित्य
210. सेफाली उप्रेती
211. पूजा पन्त
212. सागरिका जोशी
213. कबिता बस्नेत
214. नवीन पौडेल
215. मनिल श्रेष्ठ
216. चाँदनी राना
217. सरिता दहाल, महिला अधिकारकर्मी
218. ज्योती गौतम
219. मनोज शिवभक्ती
220. लक्ष्मी अर्याल
221. आशु कुमार सर्राफ, पत्रकार (पिसी मिडिया नेटवर्क)
222. जेनिशा महर्जन

223. तुलसा कटुवाल
224. गीता थापा
225. मनीषा श्रेष्ठ
226. रेशना कैति
227. रजना महर्जन
228. समी तिमिल्सिना
229. आशिक मल्ल
230. भारती मानन्धर
231. रकी गुरुङ्ग
232. नमिता कडेल
233. राजेन्द्र महर्जन
234. संस्कृति श्रेष्ठ
235. निश्चल ओली
236. सुष्मिता श्रेष्ठ
237. सन्तोष महर्जन
238. तारा चाम्लिङ्ग राई
239. Bithaya thapa ramjali
240. सुमित्रा बोगटी
241. सुन्नर हरिजन
242. आकाश कार्की
243. अश्लेशा जोशी
244. श्यारेर बज्राचार्य
245. जया लुइँटेल
246. अन्जाम सिंह
247. लालिमा श्रेष्ठ
248. आरएन शाक्य
249. पावस मानन्धर
250. निकेश दाहाल
251. अभिषेक देब
252. स्वाति पुजारी
253. आभा डंगोल
254. जेनिस दाहाल
255. इरुषा कार्की
256. पल्लवी पायल
257. जेसलीना राणा
258. शिखा थापा मगर
259. नेहा घिमिरे
260. भिरा लामिछाने
261. नसला चित्रकार
262. रीता बरामु
263. सुरेन्द्र प्रसाद जोशी
264. देवान राई
265. डानीति अर्याल खनाल.
266. दिलाशा शाह
267. पूजा गहा
268. प्रज्ञा रिमाल
269. हिमा विष्ट
270. प्रज्वल नेपाल
271. सुबेक्षा पौडेल
272. मित्र बज्राचार्य
273. रविना अधिकारी
274. समीर राणा
275. निहाल मोक्तान
276. साइन सुनुवार रसैली
277. स्वर्णा ताम्राकार
278. अबिलाश थापा
279. अस्मिता रिजाल
280. ईशा देवकोटा
281. वीना पुन
282. अनन्त राउत

283. ईशा निरोला
284. ओसिन अधिकारी
285. रेमिका राई
286. रोजी महजर्न
287. संघमित्र वज्राचार्य
288. देविका राइ
289. कल्पना ढकाल
290. शृष्टि शाक्य
291. लक्ष्मण भट्टराई
292. सुश्मिता श्रेष्ठ
293. कबिता बस्नेत
294. Usha Ngyangjo

***